# मधेस : अबको नयाँ संकल्प

## जय प्रकाश गुप्ता

प्रकाशक : तराई मधेस राष्ट्रिय अभियान

म जेलबाट रिहा भएपछि तपाईहरूको माझमा छु । तपाईहरूले गरेको स्वागतका लागि सर्वप्रथम यहाँहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यो आभार म औपचारिकतावस गरिरहेको छैन । म यस्तो व्यक्ति, जो भ्रष्टाचारको मुद्दामा विगत १३ महिनादेखि जेल जीवनमा थिएँ, चौबीस घण्टा अघिमात्र जेलबाट बाहिर आएको छु । मेरो बारेमा सर्वत्र भनिदै थियो, ‘अव यसको राजनीतिक जीवन सँधैका लागि समाप्त भैसकेको छ । यो अव राजनीतिमा रहने छैन ।’ खुसीहरू मनाइँदै थियो, उत्साहको वातावरण थियो । यसो भनेर कि ‘एउटा खड्को हामीले यत्तिकै पार लगायौं, अव जेपी भौतिक रूपमा जीवित रहेपनि आफ्नो आस्था र विचारको रूपमा अव उ जीवित रहने छैन ।’

वि.सं. २०६८ फागुन ९ गते जसको राजनीतिक जीवनको मृत्यु भयो भनेर अदालतमा खुसी मनाइएको थियो, उल्लासको वातावरण उत्पन्न गर्ने प्रयास गरिएको थियो, त्यसरी तिरस्कारमा पारिएको व्यक्ति यहाँ उपस्थित हुँदा अपनत्वका कारणले, प्रेमका कारणले सहृदयताका कारणले आज तपाईंहरू यहाँ आउनु भयो, मेरा लागि तपाईंहरूको यो उपस्थिति अतुलनीय छ, अद्वितीय छ । वास्तवमा त्यसै निम्ति मैले तपाईंहरूप्रति आभार व्यक्त गरेको हो । सामान्य औपचारिकताबस होइन । यो तपाईंहरूप्रति आभार मात्र होइन, म भावपूर्ण रूपमा म भन्न चाहन्छु, मैले आज तपाईंहरूको दासत्व स्वीकार गरेको छु । तपाईंहरूको दिलमा जुन भावना रहेको छ, तपाईंहरूले एउटा राजनीतिक व्यक्तिबाट जुन अपेक्षा र आशा गर्नुभएको छ, म आज त्यो आशालाई पुरा गर्ने एउटा सेवकका रूपमा, दासका रूपमा मैले आज तपाईंहरूको त्यो दासत्वलाई स्वीकार गरेको छु ।

यो कुरा भनिरहँदा मलाई रत्तिभर पनि हीनताबोध भइरहेको छैन । किनभने, तपाईंहरूले मलाई स्वीकार गर्नु भनेकै मेरा लागि जीवनको सबैभन्दा ठुलो कुरा भयो । त्यसैकारण, हिजो मैले जेलबाट वाहिर आउँदा भनेको थिएँ- ‘मलाई मानिसहरूले सोध्नेछन्, अव तपाईंको बाटो के हुनेछ ? मैले भनेको थिएँ- मलाई प्रश्न गरिनेछ, तपाईं अव कता जाने हो, कुन बाटोबाट हिड्ने हो ? तपाईं चुनावमा भाग लिने

हो कि होइन ? तपाईं भोलि सांसद, सभासद र मन्त्री हुने हो कि होइन ?' यस्ता असंख्य प्रश्नहरू मलाई सोधिनेछन् । मैले हिजो भनेको थिएँ- 'आफ्नो मनमा सोचेर यस्ता कुनै पनि प्रश्नहरूको जबाफ दिनसक्ने स्थितिमा आज म छैन । म अव देशका विभिन्न जिल्लाहरूको भ्रमण गर्नेछु, मधेसका जिल्लाहरूमा भ्रमण गर्नेछु, म जनताको आँखातिर हेर्नेछु, जनताको भावना बुझ्ने प्रयत्न गर्नेछु । र, यदि म यो पाउनेछु, जनता चाहन्छन्-दन्किरहेको आगोमा हाम्फालेर तिमी भष्म होऊ । म भष्म हुन तैयार छु । मान्छेलाई बगाउन सक्ने खोलाको भेलमा हाम्फाल भनेर यदि जनताले मलाई भन्छन् भने त्यो भेलमा हाम्फालेर आफूलाई जलसमाधि दिन पनि तैयार छु । त्यसकारण मेरो एजेण्डा, मेरो खोजी म चुनाव लड्छु कि लड्दिन, म कुन विधिबाट चुनाव लड्छु, म सभासद् हुन्छु कि हुँदिन, सांसद बन्छु कि बन्दिन, आठ पटक मन्त्री भएको थिएँ, नबौं पटक मन्त्रीको रूपमा मेरो पुनराबृत्ति हुन्छ कि हुँदैन, अब यो मेरो एजेण्डा  होइन । मेरो एजेण्डा हो, जनताको भावनालाई बुझेर त्यस अनुसारको काम गर्ने । अव त्यो काम के हुने हो, त्यसबारेमा आगामी दिनहरूले बताउनेछन् ।'

मलाई भ्रष्टाचारको मुद्दामा सजायँ गरियो, यो कुरा सबैलाई थाहा छ । धेरै साथीहरूलाई लाग्दो हो, 'एउटा बहालवाला मन्त्रीले भ्रष्टाचारको मुद्दामा सजायँ पायो । म जेल गैसकेपछि मैले अखवारहरू पढें । ०६८ सालको फागुन ९ गते म जेल गएको थिएँ । केही दिनपछि बैशाख १ गते आएको थियो । देशका प्रायःजसो अखवारहरूले बैशाख १ गतेका दिन बर्षभरिका घटनाहरूको उल्लेख गरी भर्खरै बितेको बर्षको विश्लेषण गरेका  थिए । मेरो बारेमा उनीहरूले 'नेपालकै इतिहासमा पहिलो बहालवाला मन्त्री जेल गएको' भनेर बर्षभरिको घटना मात्र होइन, नेपाल मुलुक बनेपछि कै एक उल्लेखनीय घटनाको पात्रका रूपमा मेरो चित्रण गरेका  थिए । लाग्दथ्यो, 'सञ्चारमन्त्री भएर मैले ठूलो भ्रष्टाचार गरें, सञ्चारमन्त्री भएर मैले ठूलो रिश्वत लिएँ र त्यसैबापत मैले जेल आउनु परेको हो ।'

प्रचार-प्रसारको कारणले म आफैप्रति पनि भ्रमित भएको थिएँ, 'म मन्त्री रहेको अवस्थामा धेरै ठूलो भ्रष्टाचार गर्न पुगेको हो कि ?' संसार नै भ्रमित भएको थियो । राष्ट्रिय-अन्तर्राष्ट्रिय मिडियाहरूमा पनि नेपालको एउटा उल्लेखनीय  घटनाको रूपमा यसको चर्चा गरिएको थियो । तर ममाथि लगाइएको भ्रष्टाचार के त्यही प्रकृतिको भ्रष्टाचार थियो ?

यहाँहरूलाई यो कुरा थाहा छ कि छैन, म भन्न सक्दिन । वि.सं. २०५९ सालमा शाही सत्ताको पालामा शेरबहादुर देउवा प्रधानमन्त्रीबाट अपदस्थ गराइनासाथ विहान चार बजे शाही सत्ताको निर्देशनमा प्रहरीहरूले मेरो घर घेरेका थिए । लगातार चार दिनसम्म मलाई घरमा नजरबन्द राखिएको थियो । मैले आफूले लेखेको पुस्तकमा पनि यो घटनाको उल्लेख गरेको छु । प्रज्बल्ल शमशेर प्रधानसेनापति हुनुहुन्थ्यो । पशुपतिभक्त महर्जन राजाको प्रमुख सचिव हुनुहुन्थ्यो । मलाई रोयल गल्फ क्लवमा लगियो । विघटित मन्त्री परिषद्का तीन चार जना सदस्यहरू पनि त्यहाँ थिए । मेरो अगाडि प्रस्ताव राखियो- 'महाराजधिराजको यो कदमलाई तपाईंहरू शेरबहादुरजीको मन्त्री परिषदमा रहनु भएका ४-५ जना मन्त्रीहरूले स्वागत गर्नुपर्‍यो, एमालेका केही ठूला नेताहरूले पनि स्वागत गर्दैछन् । र, तपाईंहरू भोलि महाराजधिराजको खटनपटन र निर्देशनमा चल्ने मन्त्री परिषदको सदस्य हुनुहोस् ।' यस्तो प्रस्ताव

राखिँदा त्यो बेला त्यहाँ उपस्थित मध्ये कसले के भने, म यहाँ भन्न चाहन्न । त्यो कुरा यहाँ उल्लेख गर्नु आवश्यक पनि छैन । तर मैले इन्कार गरेको थिएँ ।

मैले यस निम्ति इन्कार गरेको थिएँ । मैले त्यो भन्दा अघिपनि १८ औं पटक जेलनेल भोगिसकेको थिएँ । म १९ औं पटक जेलनेल भोग्नका लागि तैयार थिएँ । तर म शाही सत्ताको लागि मन्त्री हुन तैयार थिइन । मलाई पाँचौ दिन विना कुनै आधार मेरो घरको नजरबन्दबाट गाडी चढाएर अख्तियारमा लगी बुझाइयो । मैले अख्तियार प्रमुख सूर्यनाथ उपाध्यायलाई सोधेको थिएँ- 'सूर्यनाथजी ! चारदिनदेखि मलाई मेरो घरको नजरबन्दमा राखिएको थियो । आज मलाई अख्तियारमा  ल्याइयो । आखिर प्रयोजन के हो ?'

अख्तियारका तत्कालिन प्रमुख सूर्यनाथजीले मुस्काउँदै भन्नुभयो- 'तपाईंलाई म कहाँ ल्याएर जिम्मा लगाइएपछि कुनै न कुनै प्रयोजन त अब निकाल्नु पर्ला नि ! जसले तपाईंलाई म कहाँ बुझायो, त्यसले प्रयोजन पनि त भन्ला नि !' त्यहाँ अख्तियारका अर्का आयुक्त इन्द्रबहादुर शेरचन र एकजना काफ्ले थरका मानिस पनि हुनुहुन्थ्यो । अहिले ती नामहरू मेरा स्मृतिबाट धुमिल पनि भैसके । सबैका अगाडि मलाई भनिएको कुरा यही हो । म उपर १३ वटा मुद्दा खडा गरियो । ती सबै १३ वटै फाइलमा म माथि छानविन भयो । तर कुनैपनि फाइलमा मलाई दोषी देखाउन सकेनन् । लामो समयसम्म तारिखमा राखेर मलाई नेपालकै इतिहासमा सबैभन्दा ठूलो भ्रष्टाचारीको रूपमा पेश गर्न खोजियो । अर्थात् 'नेपाल दूरसञ्चार संस्थानसंग जम्मा पाँच हजार मोवाइलको नेटवर्क छ, तर दश हजार सेटहरू अनाबश्यक रूपमा ल्याउन दिइयो' भन्दै 'त्यस बिषयमा छानविन गर्नका लागि तपाईंलाई थुनामा राख्नु आवश्यक छ' भन्ने पूर्जी दिएर मलाई थुनामा पठाइयो । म लगातार ६३ दिन थुनामा बसें । त्यसरी ६३ दिनपछि मलाई जुन आरोपमा थुनामा पठाइएको थियो, त्यो आरोपको चर्चा नै नगरी 'कान्तिपुर टेलिभिजनलाई लाइसेन्स दिंदा बिडबण्ड फिर्ता दियो' भन्ने चर्चामा नै नरहेको विषयमा मुद्दा चलाइयो ।

त्यसपछि मलाई विशेष अदालतमा पुऱ्याइयो । विशेष अदालतले मलाई एकलाख रूपैयाँ धरौटीमा रिहा गऱ्यो । अदालतमै नारा जुलुश भयो-'करोडौं-अर्वौंको भ्रष्टाचारीलाई अदालतले एक लाख धरौटीमा छाडेर गलत काम गऱ्यो' भनेर । म छुट्न नपाउँदै अख्तियारले विशेष अदालतलाई चिठी लेख्यो- 'निज कुनै कारणले अदालतबाट छुटी गएमा निजलाई पुन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउनुस् ।'

यसरी म एक लाख रूपैयाँको धरौटीमा अदालतबाट छुट्दा प्रहरीले फेरि मलाई पक्रेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बुझायो । मैले फेरि अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अध्यक्ष सूर्यनाथ उपाध्यायलाई सोधेको थिएँ- 'फेरि मलाई ल्याउनु भयो अवको प्रयोजन के हो ?' उहाँ मुसुक्क हाँस्नुभयो । र, भन्नु भयो- 'अहिलेसम्म त केही निधो भएको छैन । तसर्थ, खोजेको बेलामा हाजिर हुने गरी एउटा कागज गरेर जानुस् ।' त्यहाँ मेरो मुद्दामा पछि अनुसंधान अधिकृत तोकिएका चेतनाथ भन्ने मानिस पनि थिए । शाहीसत्ता थियो, अख्तियारले चाहेको बेलामा आउनेछु भनेर म विदा लिएर गएँ ।

त्यसको अढाई महिनापछि मलाई फेरि अख्तियारले गिरफ्तार गऱ्यो । गिरफ्तार गरेर म उपर अकूत सम्पत्तिको मुद्दा चलायो । नौ दिन थुनामा राखेर पुनः 'दुई करोड १२ लाखको सम्पत्ति छ' भनेर मलाई विशेष अदालतमा पुऱ्याइयो । फेरी दोस्रो पटक विशेष अदालतबाट म धरौटीमा रिहा भएँ । धरौटीमा रिहा भएर म राम्ररी आफ्नो घर पनि पुग्न सकेको थिइन, फेरि मलाई गिरफ्तार गरियो । गिरफ्तार गरेर सशस्त्र प्रहरीको मुख्यालय हलचोकमा लगेर राखियो । सायद ममात्र यस्तो अभागी मानिस थिए, जो भूतपूर्व मन्त्री भएर पनि सशस्त्र प्रहरीको मुख्यालयमा असिम भौतिक यातना समेत भोग्नुपयो । पाँच महिनासम्म कहिले सशस्त्र प्रहरी बलको मुख्यालय हलचोकमा थुनिएँ, कहिले गौशालाको थानामा ल्याइन्थ्यो, कहिले ककनी पुऱ्याइन्थ्यो, कहिले कालिमाटी थानामा राखिन्थ्यो, कहिले जाउलाखेल पुऱ्याइन्थ्यो ।

मित्रहरू ! म मात्र यस्तो व्यक्ति हुँ, शाहीसत्ताको पालामा मलाई अदालतले सार्वजनिक सुरक्षा कानून अन्तर्गत अदालतले पाच पटक रिहा गर्ने आदेश दियो । तर अदालतले छाडेपनि म फेरि पक्राउ पर्थे । यसरी रिहा भएर पनि पाँच महिनासम्म थुनामा बसें । आखिर यी सबै कुराहरूको प्रयोजन के थियो ? यी सब कुराहरूको उद्देश्य के थियो ? मैले आजसम्म बुझ्न सकेको छैन ।

मैले त्यतिखेर नेपाली कांग्रेस परित्याग गरेको थिएँ । मधेसको राजनीतिलाई अगाडि बढाउन मधेसी जनअधिकार फोरमलाई संगठित गरी मधेसको राजनीति अगाडि बढाएको थिएँ । मैले देशभरि मधेसी जनअधिकार फोरमको संगठन निर्माणलाई तीब्रता दिएको थिएँ । झापादेखि अगाडि बढाएको यात्रा नेपालगञ्जसम्म पुग्दा मलाई सहयोग गर्ने धेरै साथीहरू आज यो सांस्कृतिक केन्द्रको हलमा उपस्थित रहेको देख्दछु । म सोच्दथें, 'के नेपाली कांग्रेसको राजनीति त्यागेर मधेसको राजनीतिमा लाग्नु नै मेरो अपराध हो ?' म कुनै जबाफ  पाउन्नथें । यसरी म शाही सत्ताको प्रपञ्चमा पारिएँ ।

त्यसको निकै पछि ममाथि लगाइएको त्यो मुद्दा विशेष अदालतमा प्रस्तुत भयो र विशेष अदालतले मलाई सफाइ दियो । मेरो सम्पत्तिको दुई करोड १२ लाखको भनी जुन मूल्यांकन गरिएको थियो, विशेष अदालतले मेरो बैध स्रोत मेरो देखाइएको सम्पत्ति भन्दा बढि रहेकोले ममाथि अख्तियारले लगाएको आरोप पुष्टि हुन सकेन भनेर सफाइ दियो । वि.सं. २०६४ सालमा म संबिधान सभाको सदस्य निर्वाचित भएँ । म मन्त्री भएँ । मेरै प्रकारको कैयौं मुद्दाका सन्दर्भमा चाहिँ विशेष अदालतले सफाई दिएपछि अख्तियारले सर्वोच्चमा पुनरावेदन गरेन । प्रहरीका कैयौं 'भाग्यमानी' हाकिमहरू, जो आजपनि एआइजीपीको लेवलमा काम गर्दैछन् । उनीहरूमाथि पनि सुरुमा मुद्दा चलाइएको थियो । मलाई जस्तै उनीहरूलाई पनि विशेष अदालतले सफाइ दिएको थियो । तर, उनीहरू विरुद्ध चाहिँ अख्तियारले पुनरावेदन गरेन । मेरो मुद्दामा चाहिँ अख्तियारले सर्वोच्चमा पुनरावेदन गऱ्यो । मैले अदालतलाई सम्मान दिएर न्यायिक प्रकृयामा सरिक भएँ । बडो दुखका साथ भन्नुपर्छ, २०६८ फागुन ९ गते सर्वोच्च अदालतले विशेष अदालतले गरेको सम्पूर्ण सम्पति मूल्यांकनको आधारलाई उल्ट्याएर मलाई सजाय दियो ।

निश्चय नै, सर्वोच्च अदालतलाई मैले पूर्वाग्रही भनेको हुँ । सर्वोच्च अदालतले एउटा निश्चित उद्देश्यको कारणबाट मलाई मुद्दा हरायो । मैले भन्दाखेरि धेरै साथीहरूलाई लाग्न सक्दछ-'यसले आफ्नो

भ्रष्टाचारलाई छोप्नको लागि राजनीतिक आवरणको सहारा लिएको छ ।' तर, त्यसो होइन । सर्वोच्च अदालतले कुनै प्रचलित कानूनको आधारबाट मेरो सम्पत्तिको मूल्यांकन गरेको छैन । म मन्त्री भएका बेला नेपाल सरकारबाट पारिश्रमिक वापत ४० लाख रूपैयाँ लिएँ । विशेष अदालतले एउटा मापदण्ड बनायो, 'कुनैपनि राष्टसेवक जसले सरकारबाट पारिश्रमिक लिन्छ, त्यो पारिश्रमिकको ३० प्रतिशत भाग उसको जीवनयापनमा खर्च हुन्छ र ७० प्रतिशत भाग बचत हुन्छ । त्यसो हुँदा एउटा व्यक्ति तलवको ३० प्रतिशतले मात्र बाँच्छ भन्ने पनि होइन । एउटा पत्रकार वा कुनै कर्मचारी, जो कुनै तलवमा भर पर्दछ, त्यो मात्रै उसको जीवनको सहारा हुदैन । गाउँघरमा उसको खेतिपाति हुन्छ, उसका आयका अन्य माध्यमहरूपनि हुन्छन्, त्यसआधारबाट सरकारी आयको ३० प्रतिशत खर्च हुन्छ र ७० प्रतिशत बचत हुन्छ ।'

मेरो मुद्दामा सर्वोच्च अदालतको फैसलामा लेखियो, 'जयप्रकाश गुप्ता राजनीति गर्ने व्यक्ति, राम्रो तरिकाले लुगा लगाउने व्यक्ति, राम्रो खाने व्यक्ति, साथीहरूको बीचमा भोजभतेर गर्ने व्यक्ति, उसको त ७० प्रतिशत बचत नै हुन सक्दैन ।' किनकी, उसको जीवन त विलासी जीवन छ रे ! हिन्दीमा एउटा उखान छ- 'तुम डाल डाल, मै पात पात ।' अर्थात्, जे गरेर मेरो सम्पत्तिको श्रोत नखुलेको देखाउन सकिन्छ, त्यो काम गर्नमा अदालतले कुनै कसर बाँकी राखेन । मेरो खेतिको आम्दानी वारे सरकारी निकाय कृषि कार्यालयले भन्यो कि एक विगाहामा ८० मन धान उब्जाउ हुन्छ । विशेष अदालतले '८० मन होइन, प्रति विगाहा १५ मन उब्जाउ हुने' मान्यो । सर्वोच्च अदालतले देख्यो, '१५ मनमा पनि यसले सफाइ पाउँछ ।' अनि उसले मेरा एकजना बृद्ध बुबा, आमा र तीन जना दाजुभाईमा त्यो सम्पत्ति बाँडेर मेरो आयलाई घटाउने काम गयो । म प्रश्न गर्न चाहन्छु- 'सर्वोच्च अदालतका न्यायाधिशहरूले कसैको सम्पत्ति मूल्यांकनको यो विधिबाट यदि अदालत लागि पर्‍यो भने को बाच्न सक्दछ ? को उम्कन सक्दछ ?'

त्यसैले त मैले भनें- 'मलाई भ्रष्ट र अपराधी देखाउन सम्पत्ति मूल्यांकनको जुन आधार देखाउन खोजिएको हो, म चुनौति दिन चाहन्छु-सूर्यनाथ उपाध्यायदेखि झलनाथ खनालसम्म, अहिले मन्त्री परिषदको अध्यक्ष रहनु भएका सर्वोच्च अदालतका प्रधानन्यायाधिशसम्म, जयप्रकाश गुप्ताको मूल्यांकनको आधारमा यहाँहरूले पनि आफ्नो सम्पत्तिको मूल्यांकन गरेर स्वच्छ देखाउनुहोस्, नेपाली जनताहरूले उहाँहरूलाई स्वच्छ मान्नेछन् ।' मेरो यो चुनौतिलाई उहाँहरूले सविनय ग्रहण गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

साथीहरू ! 'फ्रिडम फोरम' ले अहिले निवेदन दिएको छ, सम्पत्ति छानविन सम्बन्धी उच्चस्तरीय आयोगले शाहीसत्ताको समयमा सम्पूर्ण राष्ट्रसेवकहरूको छानविन जुन गर्‍यो, जसमा कारवाही गर्नको लागि त्यो रिपोर्ट अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको छ, त्यसलाई न नेपाल सरकारले सार्वजनिक गर्न सकिरहेको छ, न त अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यसमा उल्लेखित व्यक्तिहरूको सम्पत्ति सम्बन्धी विषयको छानविन गरेर मुद्दा चलाउने साहस गरेको छ ।'

'फ्रिडम फोरम' ले उठाएको यो मागलाई नेपाल सरकार, भ्रष्टाचार सम्बन्धि छानविन गर्ने सतर्कता केन्द्र र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानविन गर्ने कोशिस गर्न सकिरहेका छैनन् । अहिले

त, बरु रमाइलो समाचार आइरहेको छ, राजनीतिक पार्टीहरूले जुन व्यक्तिलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तका रूपमा नियुक्तिका लागि सिफारिस गर्दैछन्, त्यसको अभिप्राय नै ती नेताहरू, अदालतका ती न्यायाधिशहरू, ती राष्टसेवक कर्मचारीहरू, जसको योजनामा म जेलमा पारिएँ, ती व्यक्तिहरूलाई उन्मुक्ति दिने र उनीहरू उपरको छानविनलाई त्यत्तिकै तुहाउने वा दबाएर राख्ने प्रयास हो । यो कुरा अखवार र सञ्चार माध्यमहरूमा आइरहेको छ । यही पृष्ठभूमिमा मैले भनेको हुँ-'म भ्रष्टाचारी होइन । मलाई दुईजना न्यायाधिश वा केही योजनाकाहरूको योजनामा मलाई राजनीतिबाट बिमुख पार्न यो मुद्दाको प्रपञ्च रचिएको हो ।'

मैले सर्वोच्च अदालतको त्यो फैसलालाई गलत भन्दाभन्दै पनि अदालतको सम्मान स्थापित रहोस् भन्नका लागि म बहालवाला मन्त्री हुँदाहुँदै, म मन्त्री रहेको समयमा मैले कुनै गलत काम नगरेपनि, त्यस्तो कुनै आरोप म उपर नहुँदा पनि र म कानूनले दिएको सुविधाको आधारमा थप ६० दिन जेल जानुपर्ने बाध्यता नरहँदा नरहँदै म स्वेच्छाले जेल गएँ । किनभने, मेरो आँखा अगाडि यो विषय स्पष्ट थियो, मेरो मनमा एउटा प्रष्टता थियो, 'एउटा राजनीतिक प्रपञ्चको कारणले म मुद्दा हराइएको हुँ । यदि म स्वेच्छाले जेल गइन, म भूमिगत भएँ, म बाहिर गएँ, मेरा अगाडि रहेका अनेकन विकल्पहरू अपनाएँ भने, यी निकायहरूको नजरमा म सधैं लाञ्छित हुनेछु, म अपराधी भैं हुनेछु ।' म त्यो हुन चाहेको थिइन । तसर्थ, मैले त्यो सजायँलाई अन्यायपूर्ण भन्दाभन्दै, त्यो सजायँलाई पूर्वाग्रही र गलत भन्दाभन्दै, मलाई दिइएको १८ महिनाको कारावास भोग्नका लागि म जेल गएँ । त्यो अवधि बिताएर आज म तपाईंहरूको अगाडि आएको छु ।

## अब मेरो मूल्यांकन जनताले गर्नेछन्

म अपराधी हुँ वा होइन, म भ्रष्ट हुँ वा होइन, अब मैले यसको मूल्यांकन गर्ने अभिभारा अदालतका न्यायाधिशहरूलाई दिएको छैन । उहाँहरूको हातमा जति अधिकार थियो, उहाँहरूले त्यो अधिकारको दुरूपयोग गर्नुभयो । अव मेरो भविष्यको निर्धारण गर्ने अधिकार नेपाली जनताको हातमा छ, मधेसका जनताको हातमा छ । अव मेरो न्यायाधिश सर्वोच्च अदालतका न्यायाधिशहरू हुने छैनन् । अव मेरो नियतिको निर्धारण गर्ने अधिकार र मेरो राजनीतिक नियतिको निर्धारण गर्ने अभिभारा कुनै समय सर्वोच्च अदालतको प्रधानन्यायाधिशको रूपमा विराजमान खिलराज रेग्मीले चाहेर पनि पाउनेवाला छैनन् । मेरो नियतिको निर्धारण अव नेपाली जनताले गर्नेछन्, मधेसी जनताले गर्नेछन् ।

## अब जेपीले राजनीति गर्छन कि गर्दैनन् ?

मलाई थाहा छ, अदालतको यस फैसलाले गर्दा मैले केही कानूनी अवरोधहरूको सामना गर्नुपर्नेछ । राजनीतिका बारेमा थोरै जानकारी राख्ने मित्रहरू र राजनीतिलाई सँधै निर्वाचनको कसीमा मात्र घोटेर हेर्ने मेरा केही प्यारा मित्रहरूले मलाई जेलमा आएर प्रश्न गर्ने गर्थे-'कानूनले त तपाईंलाई राजनीति गर्न दिंदैन नि ! कानूनले तपाईंलाई पार्टी बनाउन दिंदैन नि ! कानूनले तपाईंलाई चुनाव लड्न दिंदैन नि ! कानूनले तपाईंलाई मन्त्री बन्न दिंदैन नि ! फेरि केको लागि राजनीति गर्ने तपाईंले ?'

म मनमनै सोच्ने गर्दथें, 'जेलमा आएर जुन साथीहरूले यस्ता प्रश्नहरू गर्ने गर्नु भएको छ, यी साथीहरूले राजनीतिलाई सीमित परिभाषाको सन्दर्भमा हेरिराख्नु भएको हो । साथीहरूले चलनचल्तीको राजनीतिक धारभित्र रहेर नै मलाई यो प्रश्नहरू गर्नु भएको हो ।' तर म यो पनि सोच्दथें, 'जतिखेर म झ्यालखानामा परें, त्यतिबेला नेपालका राजनीतिक व्यक्तिहरूलाई मानसिक रूपमा कैद गर्ने जुन घेरा थियो, त्यो घेराबाट म मुक्त भैसकेको छु । म धेरै परिबन्धहरूबाट स्वतन्त्रपनि भैसकेको हुँ । तसर्थ, आज म राजनीतिको सन्दर्भमा एउटा यस्तो स्वतन्त्र व्यक्ति हुँ, जो आफ्नो मुद्दाको लागि सभासद्को घेरामा छैन, सभासदको घेराभन्दा बाहिरै छ । म आफ्नो मुद्दाको लागि आफूलाई त्यस्तो राजनीतिककर्मी ठान्दछु, जो मन्त्रीको कुर्सीको वरिवरि सीमित रहेर हरेक दिन मधेसको मुद्दाहरूलाई बिक्री गर्नुपर्ने छैन । म अब त्यस्तो राजनीतिककर्मी छैन, जो सत्ताको लागि कहिले ११ सूत्रीय, कहिले ७ सूत्रीय, कहिले ५ सूत्रीय र १२ सूत्रीय सम्झौताहरूको नाममा देशको जनसंख्याको आधा भागको रूपमा रहेका मधेसीलाई सिंहदरवारमा गएर बेच्दछ । म यस्तो कामबाट मुक्त भैसकेको छु । सत्ता अब मेरो एजेण्डा रहेन ।

अब मलाई सत्ताको स्वाद चाख्नु छैन । त्यो सत्ता, जहाँ इतिहासको क्रुर लीलाको लेखन हुदैछ । खिलराज रेग्मी, जो पहिलो मधेस आन्दोलनपछि तराई आन्दोलन छानविन समितिका अध्यक्ष थिए, जसले मधेसलाई मधेस भनेर पनि स्वीकार गर्न सकेनन्, उनले मधेसलाई तराई भनिरहे । उनले पहिलो मधेस आन्दोलनका तीन दर्जन भन्दा बढि शहीदहरूलाई शहीद मानेनन् । ती आदरणीय शहीदहरूलाई प्रहरीमाथि जाइलाग्दा, प्रहरीको हतियार खोस्दा, प्रहरीको बर्दी खोस्दा मारिएका अपराधीको दर्जामा राखे-त्यही मानिस दुर्भाग्यवस आज देशको मन्त्री परिषदको अध्यक्ष भएका छन् । मधेसका ती नेताहरू, जो पहिलो मधेस आन्दोलनको समयमा गिरिजाप्रसाद कोइरालाले पहिलो बक्तव्य दिंदा उनीहरूले मधेसी जनतालाई भनेका थिए-'मधेसका सारा मांग पुरा भए, अव तिमीहरू यो भन्दा ठूलो उपलब्धि के पाउछौ ? त्यसैले, घिउको बत्ति बाल ।' त्यस बखत आन्दोलनमा रहेका हामीहरू हाँसेका थियौं, ती अवोध मन्त्रीहरूका प्रति- जो त्यतिखेरको गिरिजा प्रसाद कोइरालाको सरकारमा पनि मधेसीको नाममा मन्त्री थिए, जहाँ मधेसी जनताहरू मारिदै थिए, त्यहाँ उनीहरूले ठूलो उपलब्धि पाएको भने । त्यो बेला 'घिउको बत्ति बाल' भन्नेहरू आज खिलराज रेग्मीलाई प्रधानमन्त्री बनाउनका लागि सम्झौता गरेका छन् । मधेसका ती नेताहरू-जो पहिलो मधेस आन्दोलनपछि मधेस आन्दोलनलाई साम्य पार्न, निस्तेज पार्न मधेसी नेताहरूसँग वार्ता गर्न तत्कालिन सरकार प्रमुख गिरिजाप्रसाद कोइरालाले वार्ता कमिटीको अध्यक्ष बनाएका थिए, आज ती नेताहरू खिलराज रेग्मीको वरिपरि बसेर सम्झौता गर्दैछन् । यतिमात्र होइन, माओवादीका अध्यक्ष प्रचण्ड जसले-जसले मधेस आन्दोलनका दौरान सार्वजनिक बक्तव्य दिएका थिए, 'अढाई हजार नेपाली सेना र अढाई हजार जनसेना मिलेर हामी यो मधेस आन्दोलनलाई नेस्तानाबुद गरिदिन्छौं, ५ हजार सैनिक शक्तिबाट मधेस आन्दोलनलाई दबाउन सकिन्छ' भन्ने सार्वजनिक बक्तव्य दिनेहरू पनि संगै बसेका छन् । त्यतिमात्र होइन, ती नेताहरू जसले भनेका थिए-'यो मधेस आन्दोलन भारतबाट सञ्चालित छ । त्यसैले, नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीसँग कुरा गर्नुपर्छ ।' जुन नेताले यो कुरा भनेका थिए, ती नेता र 'भारतका प्रधानमन्त्रीसँग कुरा गरेर मधेस आन्दोलन मत्थर पार्ने' गलत धारणा बोकेका नेताहरू आज एकै ठाउँमा छन् ।

## मधेसी मोर्चाले  मृत्युपत्रमा हस्ताक्षर गरे

आजको सत्ता यस्तो प्रबृत्तिको राजनीतिक लीला मंचन गर्ने ठाउँ बनेको छ । इतिहासको यो क्रुर उदाहरण र इतिहासका ती क्रुर पात्रहरू आज सबैजना एकै ठाउँमा  छन् । अस्ति भएको ११ सूत्रीय सम्झौता यसैको परिणाम हो । त्यसैकारण मैले जेलबाट निस्कनासाथ आफ्नो प्रतिकृया दिंदै भनेको थिए-'मधेसी मोर्चाका ती नेताहरू, जसले राज्यलाई प्रतिगमनको बाटामा पछि धकेल्न जुन ११ सूत्रीय सम्झौता गरेका छन्, तिनीहरूले आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरेका हुन् ।'

म आजपनि भन्दछु-'संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले जुन ११ सूत्रीय सम्झौता गऱ्यो, त्यस सम्झौताले गर्दा अब आउने संबिधान सभामा मधेसका  एजेण्डाहरूलाई पहिले जस्तो नउठाउने भनी यिनीहरूले कबूल गरेका छन् । मधेसका मुद्दाहरू अब नउठाउने भनी स्वीकार गरेरै त्यस दस्तावेजमा हस्ताक्षर गरेका हुन् ।' त्यस ११ सूत्रीय सम्झौताको ८ औं बुँदामा भनिएको छ-'विघटित संबिधान सभामा जुन जुन बिषयमा राजनीतिक सहमति भएको थियो, ती सहमतिहरूको स्वामित्व ग्रहण गर्ने ।' हामीलाई थाहा छ, गएको संबिधान सभामा अन्य जेजस्तो विषयमा राजनीतिक सहमति भएपनि संघीयताको विषयमा कुनै राजनीतिक सहमति भएको थिएन । भोलि बन्ने प्रदेशहरूको चरित्र के हुने ? त्यस विषयमा पनि कुनै राजनीतिक सहमति भएको थिएन । भोलि बन्ने प्रदेश भौगोलिक रूपमा कस्तो हुने ? त्यस विषयमा कुनै राजनीतिक सहमति भएको थिएन । प्रदेशहरूको नामाकरणको विषयमा कुनै राजनीतिक सहमति भएको थिएन ।

जुन विषयमा असहमतिका कारणले हिजो संबिधान सभा विघटित भयो, जुन विषयमा राजनीतिक पार्टीहरूले सहमति गर्न सकेनन्, जुन अग्रगमनका लागि सबैभन्दा आवश्यक विषय थियो, जुन विषयमा सहमति हुन नसकेर संबिधान सभा विघटित भयो- ती विषयहरूलाई यी राजनीतिक पार्टीहरूले ११ सूत्रीय सम्झौतामा स्वामित्व ग्रहण गरेका  छैनन् । सिर्फ भोलि बन्ने संबिधान सभाको निर्वाचनमात्र गराउनका लागि यो राजनीतिक सहमति भएको हो ।

म एउटा ऐतिहासिक तथ्य यहाँहरू समक्ष राख्न चाहन्छु । पहिलो मधेस आन्दोलनपछि दोश्रो मधेस आन्दोलन किन भयो ? के कारणले दोश्रो मधेस आन्दोलन भयो ? यसको जबाफको तथ्य के हो भने, हामीले पहिलो मधेस आन्दोलनपछि यो प्रश्न उठाएका थियौं-'पहिलो मधेस आन्दोलन पछि भएको २२ सूत्रीय सम्झौतामा राज्यले नयाँ संविधानका लागि केही कबुलियतनामा गरेको छ । संबिधान सभाले बनाउने नयाँ संबिधानको अन्तर्वस्तुमा ती कबुलियतनामा अनुसारका बिषयहरू समेटिनु पर्ने हो । तर, पार्टीहरूले पहिलो मधेस आन्दोलनपछि बोली फेर्न लागे । तसर्थ, नयाँ संबिधानमा समाहित गनुपर्ने बिषयहरूका बारेमा मुख्य दलहरूको प्रतिवद्धता आउनु पर्दछ भने हाम्रो मांग थियो । यसको ग्यारेन्टी नहुदाँसम्म भोलि बन्ने संबिधान सभाले मधेसी समुदायको अपेक्षा अनुसारका ती विषय समेटेर संबिधान बनाउने छैन भनेर नै ग्यारेन्टी लिन दोश्रो मधेस अन्दोलन भएको  हो ।' पहिलो २२ सूत्रीय सम्झौतापछि राज्यले ती प्रतिबद्धताहरूलाई पुरा नगरेकाले हामीले दोश्रो मधेस आन्दोलन गर्नुपऱ्यो । दोश्रो मधेस आन्दोलनमा राज्यले 'भोलि बन्ने संबिधानका आधारभूत विषय यी यी हुन्' भन्ने प्रत्याभूति दिएपछिमात्र हामी संबिधान सभा निर्वाचनमा भाग लिएका हौं । तर आज हाम्रो अवस्था के छ ?

मधेसले संबिधान सभाको मांग गरेको थियो । भोलि बन्ने संबिधानको अन्तर्वस्तुको रूपमा संघीयताको प्रत्याभूति हुनुपर्दछ, मधेसको भाषिक अधिकारको ग्यारेन्टी हुनुपर्दछ, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण हुनुपर्दछ, समानुपातिक निर्वाचन प्रणालीको ग्यारेन्टी हुनुपर्दछ, राज्यका हरेक अंग र निकाय समावेशी हुनुपर्दछ । यी विषय मधेसका मात्र होइनन्, जनजातिका पनि सवाल हुन् । यी विषय पहाडका आदिवासी, जनजाति, उपेक्षित समुदायका पनि चाहना र मागहरू हुन् । यी विषयहरूको प्रत्याभूति हुनुपर्दछ । यी विषयमा राष्ट्रिय कवुलियतनामा हुनुपर्दछ । यो माग हामीले गर्दै आएका थियौं । यी विषयहरूमा सहमति हुन नसकेकै कारण संबिधान सभा विघटन भएको हो । आज फेरि जब संबिधान सभा निर्वाचनको कुरा चल्दैछ, यी विषयहरूमा राज्यले र मुख्य भनिने दलहरूले कुनै कवुलियतनामा र प्रत्याभूति दिएको छैन ।

यो कुरा मैले रिस र आवेशमा भनेको होइन । म हिजो जेलबाट छुटें । मैले यी कुराहरू कुनै धम्कीको भाषामा भनिरहेको छैन । म नम्रतापूर्वक यो कुरा भनिरहेको छु कि, ‘जबसम्म भोलिको संबिधानका अन्तर्वस्तुहरूका बारेमा राज्यले हिजो गरेको कबुलियतनामामा आफ्नो पुनर्प्रतिबद्धता जाहेर गर्दैन, मुलुकमा संबिधान सभाको निर्वाचन म सम्भव देख्दिन । यो निर्वाचन मात्र एक अदत संबिधान सभा गठन मात्रका लागि हुन सक्दैन । त्यसरी संबिधान सभाको गठन भयो मात्र भनेपनि त्यो संबिधान सभाले नयाँ संबिधान बनाउन सक्दैन ।’

कसैमा पनि भ्रम नरहोस् कि, चार दलले ठूलो राजनीतिक सहमति गरेको छ । ‘अहिले सरकारको गठन र निर्वाचनको जुन कुरा भएको छ, त्यो ऐतिहासिक राजनीतिक सहमतिको परिणामस्वरूप भएको हो’ भन्ने कसैले भन्दछ भने, मलाई लाग्दछ, यो उल्टो व्याख्या हो । वास्तवमा चार पक्ष र मुलुकका अन्य राजनीतिक शक्तिहरूका बीचमा जनताको अपेक्षाका आधारमा राजनीतिक सहमति हुन नसकेकै कारणले यो परिणाम आएको हो । तसर्थ, यो परिणाम राजनीतिक सहमतिका आधारमा आएको परिणाम होइन, घोर राजनीतिक असहमतिको कारणले यो परिणाम आएको हो । तसर्थ, यस्तो अवस्थामा निर्वाचन हुन्छ र संबिधान सभाबाट नयाँ संबिधान बन्छ भन्ने कुरामा विश्वास गर्नका लागि दुईटा पक्षका बारेमा हामीले गम्भीरतापूर्वक विचार गर्नुपर्दछ । पहिलो, यदि अहिलेका राजनीतिक पक्षहरू- जसले अहिले राजनीतिको निर्धारण हामीले गरिरहेका हौं भन्ने कुरा गरिरहेका छन्, उनीहरू अवको संबिधान सभाबाट बन्ने संबिधानले यी आधारभूत चरित्रलाई अंगीकार गर्नेछन्, जसमा संघीयता, स्वायत्ततायुक्त प्रदेशहरू, गएको संबिधान सभाको राज्य पुनर्संरचना समितिले प्रस्ताव गरेको राज्यको पुनर्संरचनाको प्रस्तावका आधारहरूका साथ प्रदेशहरूको रचना गर्ने कुरा । अर्थात्, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधानका अन्तर्वस्तुका बारेमा जबसम्म राष्ट्रिय कबुलियतनामा दिँदैनन्, मलाई लाग्छ, त्यो बेलासम्म संबिधान सभाको निर्वाचन सम्भव छैन ।

दोश्रो, संबिधान सभाले संबिधान बनाउनु भन्दा पहिले संबिधान सभाको निर्वाचनका लागि हामीले सुरुदेखि उठाउँदै आएका केही खास विषयहरूका बारेमा जोड दिन चाहन्छु । ती विषयहरूका बारेमा पनि जबसम्म निर्क्यौल हुँदैन, त्यो बेलासम्म संबिधान सभाको निर्वाचन सम्भव छैन । ती विषयहरू हुन्- जनसंख्याको आधारमा निर्वाचन क्षेत्रहरूको पुनर्निधारण गर्ने । जनसंख्याको आधारमा निर्वाचन

क्षेत्रहरूको पुनर्निधारण गरिनुपर्छ भन्नुको अर्थ समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रहरू पुनर्व्यवस्थापन गरिनुपर्छ भन्ने हो । नयाँ जनगणनाको परिणाम आइसकेको छ । नयाँ जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको पुनर्निधारण गरिनुपर्दछ ।

अहिलेको अवस्थामा नागरिकताको विषय पनि एउटा अहं महत्वको विषय हो । जन्मको आधारमा जन्मसिद्ध नागरिकता पाएका व्यक्तिका छोराछोरीले नागरिकता पाउनुपर्छ भन्ने कुरालाई म यहाँ उठाइरहेको छैन । त्यो विषय आफ्नो ठाउँमा छँदैछ, मतदाता नामावली-जसमा ५० लाख भन्दा बढिको नाम समावेश छैन, यसको लागि नागरिकताको प्रमाणपत्रलाई आधार बनाइएको छ, यसलाई एउटा गाँठो मानेर अहिले बाधा अड्काउ फुकाउने प्रयास गरिएको छ, यसले मूर्तरूप नलियुञ्जेल यो प्रकृया अघि बढ्न कठिन छ । तसर्थ, संबिधान सभाले बनाउने संबिधानको लोकतान्त्रिक, संघीयतासँग मेल खाने विषयहरूका बारेमा एउटा राष्ट्रिय प्रतिबद्धता आउनु पर्दछ । र अहिलेका मुख्य राजनीतिक दलहरूले ती प्रतिबद्धताहरू व्यक्त गर्नुपर्दछ ।

संबिधान सभाको निर्वाचनलाई फलदायी बनाउन निर्वाचन क्षेत्र पुनर्निर्धारण, मतदाता नामावली संकलनका लागि नागरिकता लगायतका विषयहरूमा राष्ट्रिय कबुलियतनामा नआइकन म यस्तो अवस्था देख्दिन कि उहाँहरूले भनेको समयमा संबिधान सभाको निर्वाचन हुन सक्दछ । 'संबिधान सभाको निर्वाचन भएन भने के गर्ने ?' यसको जवाफमा हामी माथी भनिएका आधारभूत विषयलाई छाड्ने अवस्थामा छैनौं । यी विषयहरूलाई सम्झौताको विषयका रूपमामात्र पस्केर, यसलाई परिणाममा नपुऱ्याएर हामी अगाडि बढ्ने स्थितिमा छैनौं ।

मेरो विचारमा, यी विषयहरू भोलिका दिनमा नेपाली जनताको बीचमा उठाउने विषयहरू हुन् । भोलिका दिनमा नेपाली जनताको बीचमा हामी सचेतताको लागि अगाडि सार्ने विषय यिनै हुन् । साथीहरूले मलाई हिजोदेखि सयौंको संख्यामा फोन गरेर सोध्ने गर्नुभएको छ- 'अवको लाइन के हो ? तपाईंको पार्टी छैन । हिजो तपाईं जुन पार्टीमा आवद्ध हुनुहुन्थ्यो, जुन पार्टीको तपाईं अध्यक्ष हुनुहुन्थ्यो, तपाईंले जेलबाटै बक्तव्य निकालेर त्यो पार्टी स्वेच्छाले परित्याग गरिसक्नुभयो । अब तपाईं हिड्ने बाटो के हुने हो ?' म यस विषयमा अहिले यतिमात्र भन्न चाहन्छु-'हाम्रा अगाडि निर्वाचनमात्र प्रमुख एजेण्डा होइन, निर्वाचनले मात्र मुलुकका सबै समस्याहरूको समाधान दिँदैन ।'

## निर्वाचन, आन्दोलन र अभियान

संसारका धेरै मुलुकहरूमा अनवरत रूपमा निर्वाचन हुँदै आएको छ । निर्वाचन अनेकौं उद्देश्यका लागि गरिन्छ । निर्वाचनमा जनताको सहभागिता ठूलो मात्रामा हुने गर्दछ । तर, सबै निर्वाचनहरू परिणामुखी हुँदैनन् । पञ्चायती व्यवस्थामा २०१९ साल पछि अनवरत रूपमा निर्वाचनहरू भए । वि.स. २०३८ ताका पञ्चायती व्यवस्थाको पछिल्लो समयमा वालिग मताधिकारका आधारमा पनि निर्वाचन भएकै हो । तर, नेपाली कांग्रेस र वामपन्थी पार्टीहरूले ती निर्वाचनमा भाग लिएनन् । नेपाली कांग्रेस र वामपन्थी पार्टीहरूले भन्दै आएका थिए-'वालिग मताधिकारका आधारमा निर्वाचन हुनुले मात्र देशका जनताको अपेक्षा पुरा गर्न सक्दैन ।'

धेरै मुलुकहरूमा अहिले पनि निर्वाचन हुने गरेको छ । त्यहाँ पनि यही प्रश्न छ । बर्मामा विगत बीस बर्षमा पटक पटक निर्वाचनको अभ्यास भयो । त्यो निर्वाचनलाई न अन्तर्राष्ट्रिय जगतले, न राष्ट्रिय राजनीतिक शक्तिहरूले मान्यता दिए । पाकिस्तानमा निर्वाचनहरू भए, त्यहाँको निर्वाचनलाई पनि न अन्तर्राष्ट्रिय जगतले, न त त्यहाँका राजनीतिक शक्तिहरूले मान्यता दिए । मेरो भनाईको तात्पर्य के हो भने, जुन प्रयोजनका लागि निर्वाचन हुन्छ, त्यो प्रयोजन निर्वाचन पछि गठन हुने निकायले पुरा गर्नुपर्दछ । तसर्थ, राज्यको पुनर्संरचनाको सन्दर्भमा, राज्यको अग्रगामी रूपान्तरणको सन्दर्भमा केही आधारभूत विषयहरू जुन मैले यहाँ चर्चा गरें, ती विषयहरूका बारेमा व्यापक छलफल नभैकन निर्वाचन फलदायी हुने देखिन्न । निर्वाचन भयो नै भनेपनि, त्यो निर्वाचनबाट गठन हुने संबिधान सभाले संबिधान बनाउन सक्दैन ।

यो सत्यलाई आत्मसात गरेर व्यापक जनमत निर्माणका लागि म आउने समयमा मधेसी जनताको बीचमा जानेछु । म देशका विभिन्न भागका जनताको बीचमा जानेछु । यो हामीले निधो गरेका छौं । यस कार्यलाई संगठनात्मक रूपले अघि बढाउन तत्काल चुनावी पार्टीको गठन नगरी यस विषयलाई व्यापक जनमतको निर्माण गर्न, जुन जनमतका आधारमा अहिलेका राजनीतिक पक्षहरू एउटा राजनीतिक कबुलियतनामाका लागि सहमत हुने परिस्थितिको निर्माण होओस्, त्यसको लागि एउटा दबावकारी भूमिका सिर्जना गर्न, त्यसका लागि उपयुक्त परिस्थिति सिर्जना गर्न आगामी केही दिनभित्र तराई मधेस राष्ट्रिय अभियानलाई अगाडि बढाउने बिचार गरेको छु ।

## तराई मधेस राष्ट्रिय अभियानले के गर्ने ?

यो अभियान निर्वाचन आयोगमा दर्ता हुने राजनीतिक पार्टी हुनेछैन । यो अभियान संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा आबद्ध भएका पार्टीहरूको मनस्थितिको अभियान पनि हुनेछैन । यो अभियान आँखा चिम्लेर निर्वाचनमा हाम्फाल्ने अभियान पनि हुनेछैन । मधेसी जनतालाई हामीले स्पष्ट गरिसकेका छौं कि, 'कांग्रेस र एमाले संघीयता विरोधी हुन्, त्यसकारण मधेसी जनताले कांग्रेस र एमालेलाई भोट दिनेछैनन् । मधेसी मोर्चाले सोचेजस्तो मधेसी जनताले माओवादीलाई पनि भोट दिने छैनन् ।'

हाम्रो अहिलेको प्रमुख कार्य : अब संबिधान सभाको निर्वाचन हुनका लागि, निर्वाचनपछि बन्ने संबिधान सभालाई फलदायी पार्न र संबिधान सभालाई वास्तविक समावेशी बनाउनका लागि-संबिधान सभाको जुन संरचना बन्नुपर्ने हो, त्यो संरचनाका लागि वर्तमानको सरकारी सोच उपयुक्त नदेखिएकाले मैले अघि उल्लेख गरेको कुराहरूलाई यदि राज्यले कबुलियत गऱ्यो वा ती कुराहरू आत्मसात गऱ्यो भने मात्र भावी संबिधान सभा फलदायी हुन सक्दछ । यो चेतना देशका जनताको बीचमा बनायौं र संबिधान सभाको निर्वाचनलाई फलदायी बनाउन दबाबकारी परिस्थिति निर्माण गर्न तराई मधेस राष्ट्रिय अभियानले आजभोलि देखि नै काम गर्नेछ ।

संबिधान सभाले जुन संबिधान बनाउने हो, त्यो संबिधानको अन्तर्वस्तुका बारेमा मैले सारसंक्षेपमा चर्चा गरें । ती अन्तर्वस्तुहरू स्वीकार गर्ने राष्ट्रिय परिस्थिति निर्माण गर्नका लागि पनि जनपरिचालनको काम तराई मधेस राष्ट्रिय अभियानले गर्नेछ । यो अभियान मधेसी जनताहरूको, दलितहरूको, आदिवासी-

जनजाति थारु समुदायको, पहाडका राज्य रूपान्तरणकारी पक्षहरूको, पहाडका जनजाति र देशभरका अल्पसंख्यक मुसलमानहरूको साझा मञ्च हुनेछ । यसलाई हामीले केही साझा अवधारणका साथ अघि बढाउने सोच बनाएका छौं । यसमा सहकार्यका लागि विभिन्न राजनीतिक पार्टीहरूसँग पनि हामी कुरा गरिरहेका छौं । मधेसका पनि विभिन्न राजनीतिक पार्टीहरूसंग हाम्रो कुराकानी जारी छ । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा आवद्ध नरहेका पक्षहरू, कतिपय राजनीतिक पार्टीहरू, जो भर्खर गठन भएका छन्-ती पार्टीहरूसँग पनि हामीले कुराकानी अघि बढाएका छौं । संबिधान सभामा नरहेका मधेसका राजनीतिक संगठनहरूसँग पनि हामीले कुराकानी अघि बढाएका छौं । मधेसका सशस्त्र संगठनहरूलाई पनि हामीले स्पष्ट रूपमा सम्बाद सम्प्रेषण गरेका छौं कि, 'अव हतियार र सशस्त्र राजनीतिको कुनै औचित्य छैन, तसर्थ तपाईंहरूले हतियारको राजनीति परित्याग गरी नेपालबाट अलग्गै छुट्टै मुलुक बनाउने विखण्डनको राजनीतिलाई छाडेर शान्तिपूर्ण राजनीतिको मूलधारमा समाहित हुनुहोस् ।' मधेसका युवावर्ग, जसको जनसंख्यामा ठूलो हिस्सा छ, जो अहिलेको राजनीतिसंग सन्तुष्ट पनि छैनन्, ती युवावर्गहरूलाई समावेश गरेर यस अभियानलाई आजैभोलिदेखि नै अगाडि बढाउने निधो गरेका छौं ।

**<u>देशवासीमा मेरो हार्दीक अपील</u>**

त्यसकारण देशभरि रहेका हाम्रा मित्रहरू, शुभचिन्तकहरू-जो हिजो कुनै पार्टीमा आवद्ध हनुहन्थ्यो, जो हिजो कुनै पार्टीको जिल्लामा आवद्ध हुनुहुन्थ्यो, जिल्लाको पदाधिकारी हुनुहुन्थ्यो, हामी एउटा खास नामको पार्टीका केन्द्रीय समितिमा थियौं, अथवा विभिन्न पार्टीहरूमा विभिन्न जिम्मेवारीहरू लिएर बसेका थियौं, आज मेरो आग्रह छ-'अव हामी तराई मधेस राष्ट्रिय अभियानको अंग बनौं । यसमा संगठित र समुहकृत भएर हामी अगाडि बढौं ।'

म आज यस सभाहलमा रहनु भएका झापादेखि कञ्चनपुरसम्मका साथीहरूको प्रतिनिधिमूलक उपस्थिति देख्दैछु । मैले जेलबाट साथीहरूलाई सन्देश सम्प्रेषित गरेको थिएँ, 'म जेलबाट रिहा हुने बित्तिकै हामीले यो प्रश्नको सामना गर्नु पर्नेछ कि अब हाम्रो उद्देश्य के हो ?' उद्देश्यका बारेमा हामी स्पष्ट छौं । यसबारेमा हामीमा द्विविधा छैन । मलाई लाग्छ, मधेसी जनतामा, मधेसी राजनीतिकर्मीहरूमा यसको उद्देश्यका बारेमा कुनै द्विविधा छैन । तर, आजको स्थितिमा संगठनात्मक अभ्यास र अभियानको बारेमा हामी अलमलमा थियौं । मलाई जेलमै यो प्रश्न आउँदाखेरि मैले जेलबाट एउटा बक्तव्य निकालेको थिएँ- 'यस कारणले हामीले जुन पार्टी बनाएका थियौं, त्यो पार्टी अव हाम्रो रहेन ( गणतान्त्रिक फोरम) । सत्ताका दलालहरूले त्यो पार्टीलाई समाप्त पारे । त्यो पार्टीलाई फगत केही निजी स्वार्थको लागि बिक्री गरे । र, अव त्यो पार्टी अस्तित्वविहीन हुनेछ ।' म जेलबाट छुटेको २४ घण्टापनि राम्रोसग नबित्दै आज त्यो पार्टीको कुनै अस्तित्व पनि रहेको देखिदैन ।

साथीहरू ! केही समय अझै पर्खिनुहोस् । हाम्रो राजनीतिको निर्धारण एउटा चुनावले गर्ने छैन । हाम्रो राजनीतिको निर्धारण एउटा मन्त्री परिषद्को गठनले गर्ने छैन । तराई मधेसको लडाई, जनजातिको लडाईं, अधिकारको यो लडाईं धेरै लामो समयसम्म चल्नेछ । तसर्थ, केही काल प्रतीक्षा गरौं । साथीहरूसँग परामर्श गरेर हामी एउटा सशक्त राजनीतिक संगठनको निर्माण गर्नेछौं । तसर्थ, त्यो

राजनीतिक संगठनको पूर्वाधारको लागि अहिले म तपाईंहरू माझ तराई मधेस राष्ट्रिय अभियानको प्रस्ताव गरेको छु र यसमा समर्थनका लागि पनि म साथीहरूलाई हार्दिक आग्रह गर्दछु ।

## क्रान्तिका लागि क्रान्तिकारी चरित्रको पार्टी चाहिन्छ

साथीहरू, भर्खरै मेरा एक मित्रले यस कार्यक्रममा सुनाउनु भएको मेरो बक्तव्यमा मैले क्रान्तिको इतिहासका एक महान स्वप्नद्रष्टा लेनिनको एउटा उद्धरण उल्लेख गरेको थिएँ । यहाँहरूको स्मृतिमा होला, साम्यवादी विचारधारासँग हाम्रो सहमति होस् वा नहोस्, तर युगको परिवर्तन गर्नका लागि, संसारमा जनताको पहिलो क्रान्ति गर्नको लागि लेनिनले भनेका कुराहरू हाम्रालागि स्थायी मार्गदर्शक विचारका रूपमा रहेका छन् । आजभन्दा सय बर्ष पहिले लेनिनले भनेका थिए- 'यदि तपाईंको मनमा क्रान्तिको भावना छ, यदि तपाईंको मनमा आमूल परिवर्तनको चाहना छ, तपाईंले युगलाई परिवर्तन गर्न चाहनु भएको छ, संसारमा स्थापित पुराना मान्यताहरूलाई उल्ट्याउन चाहनु भएको छ भने क्रान्तिको कुरामात्र गरेर हुँदैन, त्यसको लागि एउटा क्रान्तिकारी पार्टीको आवश्यकता छ ।'

सामान्य सुधारवादी पार्टीहरूले-गाउँघरमा कुलो-पैनी बनाउने, विवाहमा दाइजो र दहेज नलिने, चुनावमा जितेर विजुलीको खम्बा गाड्ने, गाउँमा सडकलाई कालोपत्रे गर्ने-फगत यस्ता सामाजिक सुधारका कुरा गर्नेहरूले बनाएको पार्टीबाट आमूल राजनीतिक परिवर्तन हुन सक्दैन । राज्यको शासकीय परिवर्तन हुन सक्दैन । नेपालको स्थापित स्थायी सत्ता-जसले एउटा जातिको राज्य, जसले एउटा स्वार्थको साम्राज्यलाई कायम गर्दछ, त्यसलाई बदल्न सकिदैन । त्यसैकारण मैले जेलबाट साथीहरूको नाममा लेखेको चिठीमा स्पष्ट गरेको हुँ कि, 'मलाई जेलमा राख्दा दुख लागेको छैन, किनभने यो छिनाझपटीको संघर्ष हो । यो एउटालाई बदलेर अर्को पुनर्स्थापित हुने संघर्ष हो । सर्वोच्च अदालतले गरेको फैसला सम्पत्तिको मुद्दा मात्र होइन, सर्वोच्च अदालतले मेरो खिलाफमा गरेको निर्णय भ्रष्टाचार कानून अनुसार मलाई सजाय दिलाउने मुद्दा होइन, यो मुद्दाको लुप्त अन्तर्वस्तु हो, मधेसले चाहेको कुरा मधेसले पाउने कि नपाउने ? मधेसले चाहेको कुरा स्थापित हुने कि नहुने ?'

जतिखेर विजय कुमार गच्छदार गोकर्ण सफारी होटेलमा पत्रकारहरूका सामु भन्दै हुनुहुन्थ्यो-'आजसम्म मधेसीहरूले सरकारमा यत्रो भाग कहिले पाएको थियो र आज हामीले सत्ता छोड्नु ?' जतिखेर विजय गच्छेदारहरूले क्याविनेटमा रहेका मधेसी मन्त्रीहरूको टाउको गनेर भन्दै थिए-'५१ प्रतिशत भन्दा बढि मधेसीहरू हामी सरकारमा छौं । यो भन्दा ठूलो उपलब्धि के हासिल गर्छौं र हामीले सत्ता छाड्ने ?' त्यतिखेर म जेलबाट निराश भएर होइन, उत्साहित भएर भनिरहेको थिएँ, 'विजय गच्छदारहरूले भनेको सत्ता ५१ प्रतिशत होइन, एउटा विजय गच्छदार मात्र होइन, सयौं विजय गच्छदार मन्त्री भएपनि यो मुलुकमा परिवर्तन आउन सक्दैन ।'

यस मुलुकमा एउटा स्थायी सत्ता छ । यो स्थायी सत्ता निश्चित समुदायको हो । शासनमा उसको अनवरत वर्चश्वलाई कायम राख्ने त्यस समुदायको जुन स्थायी सत्ता छ, त्यो सत्तालाई हामीले बदल्न सक्यौं भनेमात्र हाम्रो संघर्ष विजयी भएको मानिनेछ । तसर्थ, मैले साथीहरूलाई भनें, 'यो लडाईंलाई भ्रष्टाचार निवारण ऐन- २०५९ को आधारमा मेरो विरूद्ध गरिएको फैसलाको कसीमा नहेर्नुहोस् । यो

लडाईंलाई मलाई भ्रष्टाचार मुद्दाको तहत जेल पठाएको सन्दर्भमा नहेर्नुहोस् । यो लडाईंलाई यस रूपमा हेर्नुहोस्-मैले यो मुलुकमा कायम रहेको स्थायी सत्तालाई तोड्ने प्रयत्न गरें । मैले स्थायी सत्तामा रमाउने शक्तिहरूलाई बाँध्ने प्रयत्न गरें, उनीहरूले मलाई १३ महिनाको लागि बाँधेर जेलमा पठाए । मेरो बन्धन १३ महिनाको लागि हो । म यो बन्धनबाट मुक्त भएपछि, म यो मुलुकमा विद्यमान रहेको स्थायी सत्तामा रूपान्तरणका लागि संघर्षलाई अघि बढाउनेछु । तसर्थ, संघर्षको यो विभाजन, संघर्षको यो दुईटा धारको बीचमा मलाई लाग्छ, आज हामीले एउटा ठोश पहिचान कायम गर्नु आवश्यक छ ।'

आज मधेसका पार्टीहरूले आफूलाई ब्राह्मणको नाममा, पचपनीयाको नाममा आफूलाई संगठित गरेर, यादवका नाममा आफूलाई संगठित गरेर, बनियाका नाममा आफूलाई संगठित गरेर, थारु र मुसलमानका नाममा आफूलाई संगठित गरेर त्यो स्थायी सत्तामा हामीले परिवर्तन ल्याउन सक्दैनौं ।

## मधेसी राजनीतिमा दुई धार

आखिर त्यो सत्ताले दिने परिणाम के हो ? मधेसीहरू सदैव सरकारमा रहेकै छन् । हिजो हामीले के पायौं ? भरखरै खिलराज रेग्मीको मंत्रीमण्डलमा मधेसी मोर्चाको तर्फबाट सिफारिस भएर एक दुई जना पूर्व सचिव मधेसी मन्त्री भए । उहाँहरू आफ्नो ठाउँमा योग्य हुनुहोला । तर, म हजार बार भन्छु- 'यसले मधेसको स्थितिमा कुनै तात्विक परिवर्तन गर्न सक्दैन । मधेसी नेताहरूले समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुखमा लोकमान सिंह कार्कीको नामा सहमति दिए । उनि विवादास्पद मानिस हुन् । विभिन्न छानविन समितिहरूले नै उनलाई दोष िभनेको छ । यसरी विभिन्न निकायले डामेका व्यक्तिलाई अख्तियारमा प्रमुख बनाएर आफ्नो बारेमा खडा भएको अनुसन्धानलाई रोक्न सकिन्छ भनेर पनि केही मधेसी नेताहरूले सहमति दिए होलान् । यसो गरेर आफू झ्यालखानामा जानका लागि ढिलो त पार्न सकिन्छ । तर, त्यसले मधेसी जनताको स्थितिमा कुनै तात्विक अन्तर पार्न सक्दैन । त्यसकारण अब हामीले मधेसको राजनीतिमा दुइटा धारको रेखांकन गर्नुपर्दछ ।'

मैले जेलबाट यो पनि भनेको थिएँ-'मधेस आन्दोलनको सबैभन्दा कमजोर पक्ष हो-मधेस आन्दोलनका युवाहरू, मधेसको चेतनशील समाजले मुद्दाको आधारमा मधेस आन्दोलनको समीक्षा गर्न सकेको छैन । मधेसी नेताहरू-जो विभिन्न समय सत्तामा रहे, उनीहरूले सत्तामा पुगेर के हासिल गरे ! मधेसका लागि ठोश उपलब्धि के हासिल गरे ! मुद्दाको आधारमा मधेसी समाजले मधेसी नेताहरूको मूल्यांकन गर्न सकेन । यो हाम्रो मूल्यांकन प्रविधिको ठूलो कमजोरी हो, जसको कारण मधेसी नेताहरूले अगाडि सारेका प्रयासहरूको हामी समुचित मूल्यांकन गर्न सकिरहेका हुँदैनौ । त्यसैले, जहिले पनि गैरक्रान्तिकारी विचार राख्ने, सत्ता समर्पणवादी, मुद्दा विसर्जनवादीहरूलाई पनि हामी प्रगतिशील मान्ने गल्ती गरिरहेका छौं ।'

त्यसैले, यदि अबपनि हामीले क्रान्तिकारी धार कोरेनौं र क्रान्तिकारी धारको निर्माण गर्न सकेनौं भने हामी फेरि त्यही भुलभुलैयामा पर्नेछौं । तसर्थ, मधेसको राजनीतिमा एउटा स्पष्ट विभाजन रेखा कोरिनु पर्दछ । मधेसका यथास्थितिवादी पक्षहरू को को हुन् ? कुन पक्षले सत्ताका लागि आफ्नो मुद्दा छाडेको

छ ? मधेसका सत्तासमर्पणवादी र मधेसका मुद्दा विसर्जनवादी पक्ष को को हुन् ? र, मधेसका अग्रगमनकारी-परिववर्तनकारी पक्ष कुन-कुन हुन् ? जतिखेर मधेसी नेताहरूले घुडा टेकेका छन्, कुन पक्षले त्यसको विरोध गरेको छ ? यो पछिल्लो पक्षहरूको समुहीकृत रूप नै भोलिको क्रान्तिकारी धार हो, अबको मधेस आन्दोलनको आधार स्तम्भ हो । यसको पहिचान गरिनु पर्दछ ।

मैले अघि लेनिनको चर्चा यसकारण गरेको हुँ, सामान्य सुधारको परिकल्पना गर्नेहरूले देशमा आमूल परिवर्तन गर्न सक्दैनन्, मधेसमा पनि परिवर्तन गर्न सक्दैनन् । त्यसैले, हामीले एउटा दऱ्हो क्रान्तिकारी संगठनको निर्माण गर्नु आवश्यक छ । त्यो संगठन निर्माणका लागि नै मैले तपाईंहरू माझ तराई मधेस राष्ट्रिय अभियानको प्रस्ताव गरेको हुँ । यो अभियानमा हाम्रो विभिन्न पार्टीहरूसँग पनि सहकार्य हुन सक्दछ । म विभिन्न पार्टीका नेताहरूलाई पनि आग्रह गर्न चाहन्छु, 'ढुलमूल चरित्र छाडेर चिचीपनि मेरो पापापनि मेरो, क्रान्ति पनि मेरा सत्तापनि मेरो, परिवर्तन पनि मेरो यथास्थिति पनि मेरो भन्ने ढुलमुले चरित्रबाट हामी हाम्रो उद्देश्य प्राप्तिको दिशामा कुनै ठोश योगदान दिन सक्दैनौं । तसर्थ, परिवर्तनको यो हांकलाई, जनताको यो चाहनालाई बुझेर हामी सहकार्य गरौं ।'

मधेसका विभिन्न पार्टीका नेताहरू-जो संबिधान सभामा हुनुहुन्नथ्यो, जेलमा भेट्न आउदाँ उहांहरूसँग मेरो कुरा भयो । मैले आग्रह गरेको छु, 'यस अभियानमा सरिक हुनुहोस् ।' भर्खरै मेरो शरदसिंह भण्डारीजीहरूसँग कुरा भयो । मैले उहाँहरूलाई पनि भनें-'एउटा क्रान्तिकारी धार समातौं । हामी एउटा सवल शक्तिको निर्माण गरौं र चलनचल्तीको राजनीतिबाट आफूलाई टाढा राखौं । केही समय परिवर्तनमुखी राजनीतिका लागि आन्दोलनको पृष्ठभूमि निर्माण गरौं ।' संबिधान सभामा नरहनु भएका अमर यादवलाई पनि मैले यो आग्रह गरें । लोकतान्त्रिक मधेसी संगठन, जुन पहिलो मधेस आन्दोलन भन्दा पहिले पश्चिम नेपालमा निकै महत्वपूर्ण कामहरू गरेको थियो-त्यसका अध्यक्ष ब्रम्हानन्द उपाध्यायलाई पनि मैले यस्तो आग्रह गरें । उहाँ अहिले यही मञ्चमा हुनुहुन्छ ।

**<u>गोइतलाई आग्रह, शसस्त्र हैन शसक्त आन्दोलन गरौं</u>**

मैले सशस्त्र आन्दोलनका एकजना नेता सुपरिचित नेता जयकृष्ण गोइतजीलाई पनि आग्रह गरें । मेरो र उहाँको बीचमा लामो पत्र व्यवहार भयो । मैले उहाँलाई भनें-'विभिन्न कारणले सशस्त्र संघर्ष परिवर्तनका लागि उपयुक्त माध्यम छैन । बरु एउटा शान्तिपूर्ण आन्दोलनको आवश्यकता छ । अहिले मधेसीहरूले अलग राष्ट्र, देश बनाएर जानु उपयुक्त छैन । अहिले हामीले शान्तिपूर्ण आन्दोलनलाई नै अगाडि बढाऊँ । नेपालको मधेसमा त शसस्त्र संघर्षको त सही अर्थमा आधार पनि निर्माण भएको छैन । त्यसमा तपाई (जयकृष्ण गोइत) ले महत्वपूर्ण योगदान दिनुस् ।'

मैले उहाँलाई चिठी लेखेरै भनेको थिएँ-'जयकृष्णजी ! तपाई उपर यो राज्यले धेरै मुकदमाहरू खडा गरेको होला । नेपालको विखण्डन गर्ने गम्भीर आरोप तपाईमाथि लगाएको छ । तपाई भारतमा एकांकी जीवन नबिताउनुहोस् । तपाई नेपाल आउने तिथि तोक्नुहोस्, तपाईंको स्वागत गर्नका लागि जयप्रकाश गुप्ता बीसौं हजार मानिस लिएर सीमामा जानेछ । हामी एउटा यस्तो परिस्थितिको निर्माण गर्छौं, तपाईमाथि राज्यले नेपाल टुक्र्याउने आरोप लगाएपनि तपाईलाई थुन्न सक्दैन । नेपालको कुनैपनि

कारागारले तपाईंलाई राख्न सक्दैन । तर, तपाईं एउटा प्रतिबद्धता जनाउनुस् कि, देश विखण्डन गर्ने आन्दोलन छाड्ने भनेर । सशस्त्र आन्दोलन छाड्नुस् । हामी मधेस आन्दोलनका सबै कार्यकर्ताहरू तपाईंलाई शान्तिपूर्ण आन्दोलनको नेता मान्न तैयार छौं ।'

नेपालमा एकात्मवादी राज्यसत्ताको केन्द्र रहेको यो काठमाडौंको जेलबाट रिहा भएको केही घण्टापछि म जयकृष्ण गोइतजी लगायत सशस्त्र समहूका सबै कार्यकर्ताहरूलाई म फेरि आग्रह गर्दछु-'सशस्त्र आन्दोलन परित्याग गर्नुहोस्, देश विभाजनको कुरा नगर्नुहोस् । आऊँ, एउटा शान्तिपूर्ण आन्दोलनको जग निर्माण गरौं र २ सय ४० बर्षदेखि कायम रहेको यो मुलुकको स्थायी सत्तालाई हामी परिवर्तन गरौं ।'

**मधेसी-पर्वतेको सहकार्य:एक अर्कालाई बुझौं**

हामी नयाँ साहस, सोच र शक्तिका साथ अगाडि बढ्नु पर्दछ । यी सब विषयहरूमा एउटा ठोश जनमत निर्माणका लागि व्यापक राष्ट्रिय बहस निर्माण गर्न तराई मधेस राष्ट्रिय अभियानले काम गर्नेछ । म आज यही सभाबाट स्पष्ट गर्न चाहन्छु, अव मधेसको पुरानो परिभाषाबाट पनि काम चल्ने स्थिति छैन । मधेस भनेको एकल जातीय बसोबासको ठाउँ होइन । हामी मधेस आन्दोलनमा लाग्नेहरूले यस्तो मधेसको परिकल्पना पनि गरेका छैनौं, 'हामीमात्रै मधेसमा बस्ने र पर्वते दाजुभाईहरू मधेसमा बस्नै पाउँदैनन् ।'

'मधेस विजातीय बसोबासको ठाउँ हुनेछैन' भन्ने सोचाई सही होइन । मधेसको सही परिभाषा पनि यो होइन । हामीले मधेसलाई नयाँ रूपमा परिभाषित गर्न चाहेका छौं । हामीले मधेसलाई यस रूपमा परिभाषित गर्न चाहेका हौं कि, 'आजको मधेस, संघीय नेपालको मधेस एकल जातीय पहिचानको मधेस होइन ।'

आजको संघीय नेपालको मधेसमा 'मधेसी समुदाय' भनेर हामी जसलाई चिन्छौं- यादव, मुसलमान, थारु, दनुवार, सुडी, गुप्ता, झा, बाहुन, तेली, कलवार, कुशवाहा, कुर्मी, लोध, गोडिया आदि-यी जुन थरहरू छन्, यसैको बसोबास भएको मधेस मात्र मधेस होइन । मधेस भनेको सामुहिक बसोबासको थलो हो । अर्थात्, मधेस मधेसीहरूको बसोबासको थलोपनि हो । मधेस पहाडबाट आएका पर्वते समुदायको बसोबासको थलो पनि हो । मधेस अल्पसंख्यक मुसलमानहरूको बसोबासको थलो पनि हो । मधेस आदिवासी थारुहरूको आदिकालको बसोबासको थलो पनि हो । त्यसकारण आज हामी जब मधेसको कुरा गर्दछौं, हामी यस्तो प्रकारको प्रदेशको परिकल्पना गरिरहेका हुँदैनौं, हामी यस्तो मधेसको माग गरिरहेका हुँदैनौं, जहाँ राजनीतिक अग्राधिकार मधेसी समुदायलाई मात्रै होओस् जहाँ मधेसीहरू पहिलो दर्जाको नागरिक हुने अनि पर्वते समुदायका दाजुभाईहरू दोश्रो दर्जाको नागरिक हुने मधेसको परिकल्पना हामीले गरिरहेका छैनौं ।

यसो भन्दाभन्दै हामी एउटा आशाका साथ एउटा नम्र प्रकारको निवेदनपनि पर्वते समुदायका दाजुभाईहरूसंग गरिरहेका छौं, 'आजसम्म तपाईंहरू राज्यव्यवस्थाबाट विभेदको शिकार हुनुभएको छैन । पर्वते समुदाय भौगोलिक-आर्थिक कारणले उपेक्षाको शिकार होलान्, पर्वते समुदाय भौगोलिक रूपमा

दुरुह र कठिन जीवन भोग्दै आएको सयौं बर्षको इतिहास होला, तर एउटा समुदायको रूपमा अनुहार र रंगको रूपमा पर्वते समुदाय राज्यबाट विभेदको शिकार भएका छैनन् । पर्वते समुदाय राज्यबाट उसको भाषाको कारणले, उसको भेषभूषाको कारणले, उसको पहिचानको कारणले बहिष्करणमा परेको छैन ।' पर्वते समुदायसँग हाम्रो यही आग्रह छ कि, हामीले इतिहासकालदेखि भोग्दै आएको यो सत्यलाई बहिष्करण-जुन हामीले हाम्रो भाषाको नाममा भोग्दै आएका छौं, हाम्रो भेषभूषाको कारणले भोग्दै आएका छौं, हाम्रो सामुदायिक पहिचानको कारणले हामीले भोग्दै आएका छौं-यदि पर्वते समुदायका दाजुभाईहरू यो व्यवहारको समाप्तीका लागि हामीसँग सहकार्य गर्न चाहनुहुन्छ, यदि हामी हातमा हात मिलाएर हिंड्न चाहनुहुन्छ भने, आज म तपाईंहरूलाई एउटा प्रत्याभूति दिन चाहन्छु, देशको समुन्नति र सद्भावको यो भन्दा ठूलो उदाहरण भविष्यको नेपालमा अरु हुने छैन ।

मेरो पर्वते समुदायसँग हार्दिक आग्रह छ, मधेसको मांगलाई राज्यसत्ताले कसरी प्रचार गरेको छ, यसलाई देशको विभाजनको रूपमा नहेरौं । पहाड र मधेसको सहकार्यको रूपमा यसलाई हेरौं । एक अर्काको समस्यालाई बुझ्रेर कसरी हामी अगाडि बढ्न चाहन्छौं, त्यस विषयमा अन्तर सामुदायिक छलफललाई पनि तराई मधेस राष्ट्रिय अभियानले अगाडि बढाउनेछ । म उहाँहरूलाई आमन्त्रण गर्न चाहन्छु, यो छलफलको सही थलो मधेस नै हो ।

मधेसी पार्टीहरूले मधेसी जनतालाई दिएको धोकाको बारेमा एउटा जागरण अभियान पनि म चलाउनेछु । जहाँ मधेसी पार्टीहरूले मधेसी जनताको विकल्पहीनता, उसले मत दिने विकल्पहीन स्थितिका बारेमा 'ब्ल्याकमेलिङ्ग' को राजनीति गरिरहेका छन, त्यस विषयमा म मधेसमा सचेतताको अभियान चलाउनेछु । म मधेसी युवाहरूलाई 'हामीले जतिसुकै ठूलो त्याग र बलिदान दिनु परेपनि सत्ता समर्पण र मुद्दा बिसर्जनको राजनीतिमा लाग्नु हुँदैन' भन्ने प्रण र प्रतीक्षाको अभियान चलाउनेछु । त्यहीनिर म मधेसमा बस्ने पर्वते समुदायको बीचमा पनि समुन्नत मधेसका लागि पहाडी र मधेसी समुदायको बीचमा सुमधुर अन्तर्संम्बन्धको विकास कसरी गर्न सकिन्छ, त्यो सहकार्यको एजेण्डाको छलफललाई पनि अगाडि बढाउनेछु ।

**<u>म उत्तेजनाको राजनीति गर्दिन्:हाम्रो जिम्मेवारी छ</u>**

हामीले बारम्बार भन्दै आएको नयाँ सोच, नयाँ विचार के हो ? जेलबाट निस्कें-'जयप्रकाश गुप्तालाई १३ महिना जेलमा राखियो, उसको आत्मा पोलेको छ, उसको शरीरमा आगो लागेको छ, उसको विचार प्रतिशोधको ज्वालाले जलिसकेको छ, त्यसकारण म जेलबाट निस्केर भोलि यो मुलुकको सामाजिक सम्बन्ध बिगार्दै हिंड्ने, मधेसमा गएर पर्वते समुदायलाई अपमान गर्दै हिंड्ने, काठमाडौंको सभाहरूमा उपस्थित भएर नेपाललाई श्रीलंका बनाइदिन्छु, हामी तमिल भइहाल्छौं'-म यस्तो उत्तेजनाको कुरा गर्न तपाईंहरू माझ आएको होइन । जेलबाट निस्केर आगो लगाउनका लागि एउटा पागल मानिसले हातमा जसरी मशाल लिएर हिंड्छ, म त्यसरी हिंड्ने होइन । म नयाँ विचार, नयाँ संकल्प-जसले समस्यालाई चर्काउने होइन, जसले समस्यालाई बढाउने होइन, जसले समाज र देशमा विभाजन थप्ने होइन, बरु सामन्जस्यताको आधारमा समाधान खोज्न, विचारहरूलाई एकाकार गरेर नयाँ बैचारिक अभियान अघि बढाउने संकल्प सहित म आएको छु ।

त्यसैले, मैले तपाईंहरूलाई जेलबाट अपिल गर्दै भनेको थिएँ-'मेरो सामुन्ने एउटा नयाँ विचार छ । मेरो आँखा अगाडि एउटा खुल्ला आकाश छ ।'

साथीहरू ! केही काल पर्खिनुहोस् । केही समय धैर्य गर्नुहोस् । सामाजिक सुधारका यी फगत पक्षपातिहरू, सत्ताका यी अवसरवादीहरू, मन्त्री मण्डलमा आफ्नो समुदायको संख्या बढाएर परिवर्तनको डिङ्ग हाक्नेहरू, 'आजसम्म कहिले यत्रो संख्यामा मन्त्री थियौं र अव सत्ता छोड्छौं ?' भन्ने झुठा लफ्फाजी गर्नेहरूसँग एकाकार भएर जानका लागि होइन, नयाँ र भिन्न बाटो हिंड्ने विचारका लागि मैले भनेको थिएँ-'हाम्रो अगाडि एउटा खुल्ला आकाश छ ।' आज म त्यो खुल्ला आकासमा सरिक हुनका लागि साथीहरूलाई निमन्त्रण गर्न चाहन्छु । म एउटा क्रान्तिकारी धारको निर्माणको लागि आमन्त्रण गर्न चाहन्छु । यदि कोही आन्दोलनलाई नेतृत्व गर्न सक्दैनन् भने आन्दोलनको हत्या नगरोस् । नयाँ पुस्तालाई आन्दोलन जिम्मा लगाओस् ।'

म बडो प्रतिबद्धताका साथ यो कुरामा जोड दिन चाहन्छु, म खास गरेर युवाहरूलाई अपिल गर्न चाहन्छु-यदि हामीले एउटा सशक्त पार्टीको निर्माण गर्न सकेनौं, यदि यौटा बलियो क्रान्तिकारी संगठनको निर्माण गर्न सकेनौं भने हामी आउने शताब्दीसम्म दास रहनेछौं । हामीले मुलुकको यो जड इतिहासलाई परिवर्तन गर्न सक्दैनौं । तसर्थ, यी बैचारिक आधारमा, यी सोचहरूको आलोकमा आफ्नो उद्देश्य पूर्तिका लागि एउटा क्रान्तिकारी संगठनको निर्माणका लागि आजैदेखि तराई मधेस राष्ट्रिय अभियानमा आवद्ध हुनको निम्ति म सारा मधेसवासीलाई, साथीहरूलाई बिशेषतः तरुण, युवाहरूलाई बिनम्रतापूर्वक आग्रह गर्दछु ।

हामीलाई अब कसैले सोध्दछ कि, 'तिम्रो संगठनात्मक आवद्धता के हो ?' हामीले कत्तिपनि अविचलित नभएर थोरै पनि धक नमानेर हामीले भन्नुपर्दछ, 'हाम्रो अहिलेको संगठन तराई मधेस राष्ट्रिय अभियान हो ।'

'तराई मधेस राष्ट्रिय अभियान के का लागि ?' तराई मधेस राष्ट्रिय अभियान आजसम्म तराईमा चलेको परम्परागत राजनीति-जसको ध्येय सत्ता समर्पण र मुद्दाको विसर्जन रहेको छ, त्यो भन्दा भिन्न बाटोमा हिंड्न तराई मधेस राष्ट्रिय अभियान हामीले गठन गरेका हौं ।

'तराई मधेस राष्ट्रिय अभियानले चुनावका बारेमा के सोचाई राख्दछ ?' हामीले भन्नुपर्दछ-'चुनावलाई हामीले फलदायी बनाउनु पर्दछ ।'

यदि हामी चुनावलाई परिणाममुखी बनाउन सक्यौं भनेमात्र चुनाव हाम्रालागि उपयोगी हुन सक्दछ । अन्यथा तीस बर्षसम्म पञ्चायती व्यवस्थामा अनवरत चुनावमा भयो । तर त्यो चुनावले देशको राजनीतिक आकांक्षा र अभीष्टलाई परिपूर्ति गर्न सकेन । यदि निरर्थक उद्देश्यका लागि अब संबिधान सभाको चुनाव हुन्छ भने त्यसले मधेसी जनताको आकांक्षा र अभीष्ठलाई परिवर्तन गर्न सक्दैन । परिवर्तनलाई संस्थागत रूप दिन सक्दैन ।

चुनाव त हुनुपर्दछ, चुनावमा हामी पनि भाग लिउँला । जयप्रकाश गुप्ताले भाग नलिएर केही फरक पर्दैन । असंख्य साथीहरूले भाग लिन्छन् । तर चुनाव भन्दा पहिले राज्य र राजनीतिक पार्टीहरूले एउटा राष्ट्रिय कवुलितनामा गर्नुपर्दछ । त्यसका लागि तराई मधेस राष्ट्रिय अभियानले राष्ट्रिय आन्दोलनको नेतृत्व गर्नेछ । संबिधान सभामा हामी चार जना पुगौंला अथवा हामी २४ जना पुगौंला । तर अतितमा हामीले संघर्षका तीन वटा मोर्चाहरू उल्लेख गरेका थियौं-सडकको मोर्चा, सदनको मोर्चा र सरकारको मोर्चा । आजसम्मको परिस्थितिको मूल्यांकन गर्दा हामी सरकारको मोर्चामा पूर्ण रूपले असफल भैसकेका छौं । तसर्थ, तराई मधेस राष्ट्रिय अभियान अव सरकारमा जाने राजनीति गर्दैन । चार जना संबिधान सभामा पुऱ्याउँला, अथवा ४० जना पुऱ्याउँला । तर सडकको राजनीतिलाई हामी सँधै जीवन्त राख्नेछौं । जबसम्म भोलि बन्ने संबिधान सभाले मधेसको सवालमा अन्तिम सहमति प्रदान गर्दैन, तबसम्म हामी सडकको राजनीति परित्याग गर्दैनौं । क्रान्तिकारी धार छाड्दैनौं । यी सब उद्देश्यको परिपूर्ति एउटा सवल संगठन विना सम्भव छैन ।

हामी विस्तारै बोलेपनि, कडा बोलेपनि, हामीले जतिसुकै ठूलाठूला कुरा गरेपनि यदि हामीले नयाँ प्रकारको संगठन निर्माण गर्न सक्दैनौं, क्रान्तिकारी संगठनको निर्माण गर्न सक्दैनौं भने हाम्रो उद्देश्य परिपूर्तिमा आउने दशकौंदशकसम्म हामी लडिरहेपनि, लडेको जस्तो देखाएपनि हामी परिवर्तन ल्याउन सक्दैनौं ।

मधेसको १५ वर्षदेखि २४ बर्षसम्मका तरुण युवाहरूको जनसंख्या मधेसको कूल जनसंख्याको ठूलो हिस्सा ओगटेको छ । समग्र नेपालमा पनि तरुण युवाहरूको जनसंख्याको ठूलो भाग छ । तसर्थ, तराई मधेस राष्ट्रिय अभियान यो उमेरका युवाहरूको आफ्नो पार्टी, आफ्नो संगठन र आफ्नो क्रान्तिकारी घर हुनेछ भन्ने विश्वास म दिलाउन चाहन्छु ।

यसका लागि आफ्नो जिल्लामा गएर आफ्नो काम ढिलो नगरी सुरु गर्नु पर्दछ । राम्रो काम सुरु गर्न हामीले ढिलो गर्नु हुँदैन । मधेस अहिले लडेको छ, तल झरेको छ । तर, यो कुरा सत्य हो कि उठ्छ को ? उभिन्छ को ? जो लडेको हुँदैन, त्यो उभिन पनि सक्दैन ।

भर्खरै काठमाडौंमा एउटा आख्यान दिनका लागि महात्मा गान्धीका पौत्र गोपाल गान्धी आउनु भएको समाचार मैले जेलमा पढेको थिएँ । गोपाल गान्धी भारतमा एउटा मूर्धन्य विद्वानमा गनिन्छन् । उहाँले दक्षिण एसियाको नेतृत्व सम्बन्धी प्रवचन दिने क्रममा एउटा सन्दर्भको उल्लेख गर्नु भएको थियो । दक्षिण अफ्रिकामा महात्मा गान्धी गोराहरू चढ्ने रेलको डब्बामा चढ्न पुग्नुभयो । रेलको त्यो डब्बा, जसमा मोहनदास करमचन्द गान्धी चढ्नु भएको थियो । त्यो कालो बर्णका मानिसहरू चढ्ने डब्बा थिएन । त्यहाँ सिर्फ गोरा समुदायका मानिसहरूमात्र चढन पाउथें । गोरा समुदायका एक अधिकारीले एउटा प्लेटफर्ममा महात्मा गान्धीलाई धक्का दिएर तल खसालिदिए । मोहनदास करमचन्द गान्धी लडें । लडेपछि मोहनदास करमचन्द गान्धीको जुन उठाइ रह्यो, त्यो उठाईले दक्षिण अफ्रिकालाई मात्र उठाएन, अपितु संसारमा कहिल्यैपनि सूर्य नअस्ताउने ब्रिटिस साम्राज्यलाई बदलिदियो र भारतलाई पनि स्वतन्त्र गऱ्यो ।

मधेस आज गिरेको छ । जेठ १४ गते मधेसलाई चलिरहेको रेलबाट धक्का दिएर तल झारिएको छ । जेठ २ गतेको ५ बुँदे सम्झौतामा मधेसमा ५ वटा प्रदेशको प्रस्ताव गरिएको थियो, जसमा मधेसको विखण्डनमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आँखा चिम्लेर हस्ताक्षर गरेका थिए । यो निर्णयको खिलाफमा मैले मधेसी मोर्चाका नेताहरूलाई चिठी लेखेर भनेको थिएँ-'यदि तपाईंहरू आन्दोलनलाई नेतृत्व गर्न सक्नुहुन्न भने आन्दोलनको हत्या चाहिँ नगर्नुहोस् । नयाँ पुस्तालाई आन्दोलन जिम्मा लगाउनुहोस् ।'

तर, त्यो दिन मधेस हिंडिरहेको रेलबाट तल खसिरहेको थियो । म खसेको थिएँ । हामी खसेका थियौं । हामी प्लेटफर्ममा खसेका थियौं । खस्ने मान्छे नै उठ्छ । मलाई लाग्छ, मोहनदास करमचन्द गान्धी जस्तै अब उठ्ने पालो मधेसको हो । अव मधेस उठ्नु पर्दछ । मधेस उठ्यो भने मधेसले नेपाललाई बदलेर राख्दछ । यो अभियानको नेतृत्व अब तराई मधेस राष्ट्रिय अभियानले लिनेछ । यसको गन्तव्य, क्रान्तिको परिवर्तनको आधार निर्माण गरिसकेर एउटा क्रान्तिकारीको रूपमा आफूलाई रूपान्तरित गर्नुपनि हो ।

तसर्थ, यी विषयहरूको पृष्ठभूमिमा म साथीहरूलाई आग्रह गर्न चाहन्छु, भोलिदेखि नै हामी जिल्ला जिल्लामा नयाँ संगठनात्मक ढाँचाको निर्माण गरौं । हिजो हामी जहाँ जुन पार्टीको नाममा थियौं, अब हाम्रो संगठनको नाम तराई मधेस राष्ट्रिय अभियान भयो । हिजो कुनै पार्टीको नाममा हामीले झापा जिल्ला कमिटी बनाउने गरेका थियौं, कुनै पार्टीको नाममा मोरङ्ग जिल्ला कमिटी बनाउने गरेका थियौं, कुनै पार्टीको नाममा रौतहट जिल्ला कमिटी बनाउने गरेका थियौं, आज त्यसको ठाउँमा हामी तराई मधेस राष्ट्रिय अभियानको झापा, मोरङ्ग, सप्तरी, धनुषा, रौतटह, पर्सा, बाँके र बर्दिया जिल्ला कमिटी बनाऊँ ।

हिजो हामी फुट्दै आएर सीमित भएका थियौं, यसलाई हामी मधेसको नयाँ धरातलीय यथार्थमा मधेसको मुद्दामा लाग्ने परिवर्तनकामी, क्रान्तिकारी जो विभिन्न पार्टीमा रहेका छन्, उनीहरूलाई समाविष्ट गरौं । मधेसका सशस्त्र समूहमा रहेका साथीहरू, जो शान्तिपूर्ण राजनीतिक धारमा आउन चाहनुहुन्छ, उहाँहरूलाई पनि हामी यसमा समाविष्ट गरौं । मधेसका विभिन्न पार्टीहरूमा रही आफ्नो नेताहरूलाई देखेर, आफ्नो नेताहरूको अकर्मन्यता देखेर जो हरेक दिन खेद व्यक्त गर्दै टाउको निहुरो पारेर पार्टीमा बस्नु भएको छ, उहाँहरूलाई पनि हामीले सरिक गरौं । मधेसका बुद्धिजीवी र युवाहरूलाई हामी यसमा सरिक गराऔं ।

त्यतिमात्र होइन, मधेसमा बसोबास गर्ने पर्वते समुदायका मानिसहरू, मधेसमा बसोबास गर्ने अल्पसंख्यक मुसलमानहरू, दलित-महिलाहरू सबैलाई संगठित गर्दै तराई मधेसदेखि काठमाडौं हुँदै देशका अनेकौं भागमा तराई मधेस राष्ट्रिय अभियानलाई अगाडि बढाऊँ । यसलाई एउटा कार्यभारको रूपमा ग्रहण गरी आउने समयको ऐतिहासिक चुनौतिको रूपमा यसलाई ग्रहण गरी हामी अगाडि जान सकौं । ००

जय देश, जय मधेस